नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
कृषि विभाग
राष्ट्रिय फलफूल विकास केन्द्र

# पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना

## केन्द्रीय आयोजना व्यवस्थापन एकाइ

कीर्तिपुर, काठमाडौँ

# फलफूल बगैँचा स्थापनाका लागी दिईने अनुदानका विशेषताहरू

नेपालका पहाडी क्षेत्रहरूमा फलफूल बालीहरूका बगैँचा विकास र विस्तार तथा मूल्य-श्रृङ्खला विकासका कृयाकलापहरू सञ्चालन गरी रोजगारी सृजना तथा लाभग्राही किसानहरूको आयस्तर वृद्धि मार्फत ग्रामीण अर्थतन्त्रमा टेवा पुऱ्याउने उद्देश्यका साथ पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (Nuts and Fruits in Hilly Areas-NAFHA) कार्यान्वयनमा आएको छ।

**NAFHA आयोजना अन्तर्गत काष्ठफल तथा फलफूल बगैँचा विकास तथा विस्तार कार्यक्रमको प्रमूख विशेषताहरू:**

- कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका १०० वटा स्थानीय तहहरूमा कार्यक्रम सञ्चालन भएको,
- १० वटा लक्षित फलफूलबालीहरू **(एभोकाडो, ओखर, कागजीबदाम, कागती, किवी, जुनार, मेकेडेमीया नट, पेकान, स्याउ (उच्च घनत्व समेत) र सुन्तला)** को बगैँचा स्थापना गरी क्षेत्र विस्तार गर्न अनुदान उपलब्ध हुने,
- संघ, प्रदेश र स्थानीय गरी सरकारका तीन वटै तहको प्रत्यक्ष संलग्नतामा कार्यान्वयन हुने,
- आयोजना लागु भएका स्थानीय तहमा कार्यक्षेत्र बनाएका कृषक, कृषक समूह, सहकारी तथा निजि उद्यमीहरु सहभागी हुन सक्ने,
- तोकिएको न्यूनतम क्षेत्रफलमा लक्षित फलफूलबालीहरुको बगैँचा स्थापना गर्नुपर्ने,
- सम्बन्धित स्थानीय तहमै आवेदन दिन सकिने,
- आयोजनाबाट सूचिकृत नर्सरीहरूबाट मात्र गुणस्तरीय बिरुवा कृषकहरूले नै खरिद गरी रोप्ने,
- वर्षैभरी कुनै पनि समयमा आवेदन दिन सकिने,
- बालीगत अनुदानयोग्य कुल लागतको सिमा तोकिएको,
- अनुदानग्राही कृषकहरूको बाली विशेष खेती प्रविधि सम्बन्धी क्षमता विकास गरिने,
- नियमित प्राविधिक सहयोग उपलब्ध हुने,
- फलफूल बिरुवाहरू हुर्काए वापत प्रोत्साहन अनुदान उपलब्ध गराउने,
- अनुदानग्राहीहरूले सम्झौता अनुसारका कार्य सम्पन्न पश्चात स्थलगत निरिक्षण र प्रमाणीकरणका आधारमा अनुदान रकम भुक्तानी हुने, अग्रिम रुपमा पेश्की रकम उपलब्ध नहुने,
- फलफूल बगैँचामा सिँचाइ पूर्वाधार निर्माणमा सहयोग,
- सम्बन्धित लाभग्राहीले नै सम्झौता बमोजिमको कार्य सम्पादनको लागी आवश्यक सामाग्रीहरूको खरिद व्यवस्थापन गर्ने।

**फलफूल बगैँचा स्थापना गर्नका लागी के के क्रियाकलापमा अनुदान पाईन्छ त ?**


१. **लक्षित फलफूलबालीको बगैँचा स्थापनाका लागी निम्न क्रियाकलापमा तोकिएको सिमा भित्र अधिकतम ५०% सम्म अनुदान उपलब्ध हुने:**

(क) गुणस्तरीय बिरुवा खरिद (ढुवानी समेत),
(ख) मलखाद व्यवस्थापन (प्राङ्गारिक तथा रसायनिक),
(ग) जमिनको सरसफाई तथा पूर्व तयारी (land clearance)
(घ) श्रमशक्ती खर्च (बगैँचा व्यवस्थापनका लागी रेखाङ्कन गर्न, बिरुवा रोप्ने खाल्डो खन्न, मल मिसाएर खाल्डो पुर्न, बिरुवा रोप्न, स्टेकिङ गर्न आवश्यक पर्ने श्रमशक्तिको लागत),
(ङ) तोकिएको मेशिनरी तथा औजार, उपकरण खरिद,
(च) अन्तरबाली व्यवस्थापन,

२. **बगैँचामा सिँचाइ व्यवस्थापनको लागी ८५% सम्म अनुदान**

३. **बिरुवा हुर्काएवापत प्रोत्साहन अनुदान रु. १०० प्रति बोट/वर्ष (२ वर्ष सम्म)**

# पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको व्यवसायिक फलफुल बगैंचा विकासको रुपरेखा




फोन नं.: ०१-५५०५०३७, ईमेल: cpmu.nafha@gmail.com, वेवसाइट: www.nafha.gov.np